Email: tpokhrel6@gmail.com सरस्वती सदन/Saraswati Sadan, Vol 4-5, 2021,pp.15-25

# *तरुण तपसी*मा पूर्वीय दर्शन

डा. ठाकुरप्रसाद पोखेल
सह-प्राध्यापक, मेची बहुमुखी क्याम्पस, भद्रपुर, झापा

**लेखसार**

लेखनाथ पौडेलको तरुण तपसी नव्यकाव्यमा पूर्वीय आस्तिक दर्शनको प्रयोग भएको पाइन्छ । यहाँ तपस्वीका रूपमा रहेको तरुको जीवन कष्टमय बनेर पनि अर्काको उपकारका निम्ति सदैव समर्पित भएको देखिन्छ । प्राकृतिक विपत्ति र प्राणीहरूको प्रहार सहेर तरुलाई दार्शनिक तपस्वीका रूपमा उपस्थित गराइएको छ । काव्यभित्र मानवमा निहित अहङ्कार, स्वार्थ, अन्याय, अत्याचार अनैतिक एवम् मानवताहीन व्यवहार अन्त्यका निम्ति नैतिक एवम् आध्यात्मिक प्रसङ्ग रहेको छ । प्रस्तुत लेखमा विषयपरिचय, अध्ययनको विधि, पूर्वीय दर्शनको परिभाषा र अर्थ, पूर्वीय दर्शनको परम्परा, तरुण तपसीमा दर्शन र निष्कर्षजस्ता उपशीर्षकका आधारमा काव्यभित्र अवस्थित दर्शनको संक्षिप्त विश्लेषण गरिएको छ । भौतिक सुखसन्तुष्टि भनेका क्षणिक हुन्छन्, सांसारिक जगत्बाट प्राप्त हुने आनन्दभन्दा आध्यात्मिक ज्ञानबाट इहलोक र परलोक दुवैतिर ब्रह्मानन्द प्राप्त हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** दर्शन, ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, ब्रह्म, पथिक, पञ्चमहाभूत ।

## विषयपरिचय

लेखनाथ पौडेल (१९४१–२०२२) ले प्रारम्भिक कालदेखि नै आफ्ना काव्य, कवितामा नीति, दर्शनजस्ता विषय प्रस्तुत गरेका छन् । उनको लेखनीले फुटकर कविता, खण्डकाव्य र नव्यकाव्यसम्मको यात्रा गरेको पाइन्छ । विद्यार्थी अवस्थाबाटै कविता सिर्जना गरेको पाइए पनि उनको औपचारिक लेखन भने बुद्धिविनोद, (१९७३ र विकसित रूप १९९४), ऋतुविचार (१९७३ र विकसित रूप १९९१) प्रकाशन भएपछि आरम्भ भयो । लेखनाथका अन्य कविता, काव्यहरू *सत्य कलि संवाद* (१९७६ काव्य), *लालित्य* भाग एक (२०१०), र भाग दुई (२०२५), *तरुण तपसी* (२०१० नव्यकाव्य) आदि कृतिहरू प्रकाशित भएका छन् । लेखनाथले कविताका माध्यमबाट जीवनका अहङ्कार, स्वार्थ, अन्याय, अत्याचार, अनैतिक व्यवहार अन्त्यका लागि नैतिक, आध्यात्मिक सन्देश दिएका छन् । जीवनजगत्प्रतिको चिन्तन गर्दै विगतका विकृति, वर्तमान र भविष्यमा समेत भोग्नुपर्ने अवस्थाको सङ्केत गरिएको छ । सत्यसन्देश, नैतिक सन्देश, पिजराको सुगा, बुद्धिविनोद, तरुण तपसी आदि काव्य, कवितामा नैतिक, अध्यात्मिक चिन्तन प्रस्तुत भएको पाइन्छ । तरुण तपसीमा

पूर्वीय दर्शन के कस्तो छ ? भन्ने समस्यामा यो लेख केन्द्रित रहेको छ। काव्यमा विभिन्न दर्शनहरूको प्रयोग भएकाले तिनको संक्षिप्त चर्चा गर्ने उद्देश्य अनुसार विश्लेषण गरिएको छ। प्रस्तुत लेखमा तरुण तपसी काव्यभित्र अवस्थित दार्शनिक पक्षलाई हेरिएको छ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक गरी दुवै किसिमका सामग्रीको उपयोग गरिएको छ। प्राथमिक सामग्रीका रूपमा लेखनाथ पौडेलको तरुण तपसी रहेको छ भने द्वितीयक सामग्रीमा प्रस्तुत लेखसँग सम्बन्धित समालोचनाका साथै पूर्वीय दर्शनसँग सम्बन्धित विभिन्न लेख, पुस्तकहरू रहेका छन्। यी सामग्रीहरू अधिकांश पुस्तकालयबाट प्राप्त गरिएका छन्। यहाँ प्रस्तुत काव्यभित्र पूर्वीय दर्शन के कसरी र कहाँ प्रयोग भएको छ भनी अध्ययन गरिएको छ। तरुण तपसी काव्यमा दर्शनयुक्त पद्यहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ।

## पूर्वीय दर्शनको परिभाषा र अर्थ

संस्कृत व्याकरणका अनुसार *'दृशिर्'* धातुमा ल्युट (अन) प्रत्ययको संयोजन भएर दर्शन शब्द निर्माण भएको पाइन्छ। नेपाली बृहत् शब्दकोशका अनुसार "कुनै पनि वस्तुका बारेमा प्रकृति, ईश्वर, ज्ञानविज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचन र विश्लेषण गरिने विद्या, तत्सम्बन्धी विषयमा व्यापक रूपले यथार्थ परिचय दिने शास्त्र हो" (पोखरेल, २०४०, पृ.६३७)। यस्तै प्रज्ञा दर्शन कोशमा दर्शनको परिभाषा यसरी दिएको छ– "कुनै पनि वस्तु तथा घटनालाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने शास्त्र,..प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारे गरिने विवेचना र विश्लेषणयुक्त विद्या हो" (प्रभात, २०७०, पृ.१४१)। पौरस्त्य आस्तिक दर्शनहरूले जीवन, जगत्, ईश्वर, सृष्टि, प्रलय आदि विषयमा सूक्ष्म चर्चा गरेका छन्। तिनले जीवन अनित्य भएको व्याख्या गर्दै नित्य सत्यको आश्रयबाट सत्मार्ग प्राप्त हुने निष्कर्ष दिएका छन् (ज्ञवाली, २०७३, पृ.७९)। महान् व्यक्ति, संस्था वा ग्रन्थमा उल्लेख भएको जीवनजगत्सम्बन्धी चिन्तन वा विचारलाई दर्शन भनेको पाइन्छ। यसरी दर्शनलाई विभिन्न शब्दकोश र ग्रन्थहरूले आ–आफ्नै किसिमबाट परिभाषित गर्ने वा चिनाउने कार्य गरेका छन्। पूर्वीय दर्शनको मूल उद्देश्य जीवनजगत्का बाह्य एवम् अन्तरङ्गलाई व्याख्या, विश्लेषण गर्नु रहेको छ। यसले ब्रह्म तत्त्वको साक्षात्कार गराउँछ। प्रकृतिका गुण, ईश्वरीय चिन्तनसहित जीवनलाई विभिन्न कोणबाट चर्चा गर्दै ज्ञान, बुद्धि, विवेकसम्बन्धी उपदेश दिने गर्दछ। दर्शन शब्दको व्याख्या पूर्व र पश्चिममा आ–आफ्नै किसिमले भएको पाइन्छ। अङ्ग्रेजी भाषाको 'फिलोसोफि' लाई पूर्वमा दर्शन भन्ने गरिन्छ। ग्रीक भाषामा 'फिलोस्' र 'सोफिया' दुई शब्दको योगबाट निर्मित फिलोस् शब्दले प्रेम र सोफियाले विद्याकी देवी वा सरस्वतीलाई जनाएका छन् ( शर्मा, सन्२०१३, पृ.१)। पूर्वमा दर्शनलाई ज्ञान, विचार, चिन्तन भनेर चिनाइएको हुँदा पूर्वपश्चिम दुवैतर्फ अर्थमा समानता रहेको पाइन्छ।

## पूर्वीय दर्शनको परम्परा

पूर्वमा वैदिक कालदेखि नै दर्शनका सम्बन्धमा व्याख्या–विवेचना भएको पाइन्छ । ऋग्वेद प्रकृति, ईश्वर र भौतिक पदार्थका सम्बन्धमा विवेचना गरिएको आद्य ग्रन्थ हो । उपनिषद् पूर्वको समय वैदिक युग थियो र दर्शनको बीज त्यहीँबाट प्रादुर्भाव भएको पाइन्छ । रहस्यमय प्राकृतिक स्वरूपलाई नै देव–देवीका रूपमा स्थापित गरी पूजा, स्तुति गरिने, कर्मकाण्डका मन्त्रहरूको सङ्ग्रहलाई वेद भन्ने गरियो । पूर्वीय दर्शनको आस्तिक चिन्तनमा 'ब्रह्म' तत्त्व महत्त्वपूर्ण मानिन्छ । ऋग्यजुसाम आदि वेदमा देवताहरूको उत्पत्ति र स्तुतिबाट मनोकाङ्क्षा परिपूर्ति गर्ने प्रयास भएको छ । वेदबाट ब्राह्मण, आरण्यक, उपनिषद् आदि ग्रन्थहरूको विकास भएको पाइन्छ । पुरुष नै सर्वेसर्वा भएको हुँदा भूतमा जे भयो र वर्तमान, भविष्यमा जे हुँदै छ, हुनेछ ऊ नै पुरुष हो (ऋग्वेद १०–९०) । सृष्टिको आदिकालमा सत्, असत्, वायु, आकाश, मृत्यु, अमरता, रातदिन केही नभएर सबै एकनास थियो । वायुरहित अवस्थामा पनि प्राणीहरूले आफ्नो शक्तिबाट सास लिने गर्दथे । ऋग्वेद नासदीय सूक्त ( १०–१२९) का अनुसार आत्मतत्त्वको अनुभवबाट नै मृत्युको भयमा विजय प्राप्त हुन्छ । सांसारिक मुक्ति प्राप्तिकालागि ईश्वर नै सर्व शक्ति सम्पन्न भएको हुनाले विश्व सुन्दर एवम् अमृतमय बनेको छ । शिष्यलाई गुरुद्वारा परम तत्त्वको उपदेश बोध भएपछि अविद्या नाश भई ब्रह्म प्राप्त हुन्छ । उसमा रहेको कर्मबन्धन एवम् तज्जन्य दुःख, पीडा शिथिल भई ब्रह्मतत्त्व मिल्दछ (राधाकृष्णन्, सन्२००८, पृ.६) ।

उपनिषद्लाई भारतीय दर्शनको मुख्य स्रोत मानिन्छ । वेद, उपनिषत्, आरण्यक, ब्राह्मण ग्रन्थहरूमा परब्रह्म, परमेश्वरका निर्गुण र सगुण अवस्थाको व्याख्या, विवेचना गरिएको छ । उपनिषत्हरू वेदका अन्तिम भाग भएकाले वेदान्त पनि भन्ने गरिन्छ (उपनिषद् भूमि.) । प्रकृतिभन्दा पर रहेको वस्तु नै ब्रह्म हो । स्वर्ग, पृथ्वी, सूर्य, अग्नि, जल, स्थल, जीव, जन्तु, प्राण, इन्द्रिय सहित मन, बुद्धि, रूप, सर्वत्र दृष्टि पुऱ्याउने वा व्यापक भएर रहने सर्वशक्तिमान् तत्त्वका रूपमा परिचालित वस्तु नै ईश्वर हो । भौतिक एवम् आध्यात्मिक जगत्को सञ्चालक भएर ब्रह्म रहेको हुन्छ (मुण्डकोपनिषद्, २-२-५, सं.२०६८, पृ.२३४) । ब्रह्म यस्तो छ अग्निको प्रकाशलाई सूर्यको तेजले समाप्त गरेजस्तै असीम सूर्यको प्रकाश लुप्त हुन पुग्दछ । सूर्य, चन्द्र, तारागण, अग्नि आदि यो दृश्यजगत्का प्रकाशमान वस्तुहरूभन्दा अधिक प्रभावशाली भएर रहने ईश्वर सर्वव्यापक छन् । तिनको प्रकाश पाएर नै सूर्य, चन्द्र, तारा आदि प्रकाशमान् भएका हुन् भनिएको छ (२-२-१५, पृ.२३१) ।

पूर्वीय दर्शनमा मानव शरीर र आत्माका सम्बन्धमा व्याख्या, विश्लेषण भएको पाइन्छ । जीवनका शारीरिक अङ्गसहित इन्द्रिय, मन आदि तत्त्वलाई नियन्त्रण गर्ने मुख्य वस्तु भनेको जीवात्मा हो र यसको सम्बन्ध सोझै ईश्वरसँग रहेको हुन्छ । मानव शरीर सक्रिय गराउने र अङ्गहरूलाई नियन्त्रणमा राख्ने कार्य इन्द्रियको समूहले गर्दछ । कठोपनिषद्का अनुसार सबैभन्दा तल इन्द्रियहरू रहेका हुन्छन्, तिनीभन्दा माथि मन र मनभन्दा उत्तम बुद्धि हुन्छ । यो सर्वोच्च स्थानमा रही सबैलाई आफ्नो आज्ञा पालन गर्न लगाउँछ । यो जीवात्माभन्दा पनि अव्यक्त (कारण) शरीर प्रबल हुन्छ र

यसमा भगवान्को प्रकृति अंश हुन्छ । उसैका आदेशमा सबैकुरा सञ्चालित हुन्छन् (कठोपनिषद्, २-३-८ सं.२०३८, पृ.१३६) ।

पौरस्त्य दर्शनहरूमा भौतिक जगत्प्रतिको मोहका कारण मानवजीवन दुःखी भएको पाइन्छ । भोगप्रति आशक्त हुनु भनेको जीवनलाई बन्धनमा पार्नु हो । भौतिक प्रतिस्पर्धाबाट निराश मानसिकतालाई शान्त र सुखी बनाउनमा वेदान्त दर्शनको भूमिका विशिष्ट रहेको हुन्छ (अर्याल, २०५७, पृ.८) । साङ्ख्य दर्शनमा पच्चिस तत्त्वको व्याख्या भएको पाइन्छ । स्वच्छ प्रकृतिबाट बुद्धि, अहङ्कार, पञ्चतन्मात्रा, सात तत्त्व अनि पञ्चमहाभूत, पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय र मनसमेत सोह्र गरी तेइसवटा माथि (व्यक्त र अव्यक्त) मूल प्रकृति र चेतन (पुरुष 'ज्ञ') तत्त्वका रूपमा विकृतिरहित भएर रहेका हुन्छन् । साङ्ख्यका अनुसार प्रकृति र चेतन दुवैको योगबाट जगत्को सिर्जना हुने गर्दछ (भट्टराई, २०७४, पृ.४) ।

वैशेषिक दर्शनमा जीवात्मा र परमात्माको व्याख्या रहेको छ । जीवात्माले कर्मअनुसार भौतिक जगत्मा सुखदुःख भोग्दछ । उसलाई तत्त्वज्ञान भएपछि वासना निवृत्त भई सम्पूर्ण सुखदुःख भन्ने बोधबाट अलग भएपश्चात् मोक्ष मिल्दछ । यसैगरी न्यायदर्शनका अनुसार ईश्वर अनुमान गरिने वस्तु हो । योगदर्शनमा 'चित्तवृत्ति' वा मनका विकारहरू योगद्वारा समाप्त भएर ईश्वर प्राप्त हुने कुराको उल्लेख गरिएको छ (लुईंटेल, २०७४, पृ.५४) । वेदान्तका अनुसार आफू भनेको शरीर होइन, मोक्ष स्वतः सिद्ध भए तापनि शक्ति द्वयात्मिका अविद्याले बद्धजस्तो मात्र भएको हो । विद्याद्वारा अविद्या विवृत्ति नै मोक्ष हो । जव मुमुक्षु वर्णाश्रम धर्ममा रहेर निष्ठापूर्वक निष्काम कर्म गर्दछ र सो कार्यद्वारा साधन चनुष्टय (धर्मार्थकाममोक्ष) सम्पन्न भएपछि गुरुमुख भई तत्त्वमसि महावाक्यको श्रवण गर्नासाथ ब्रह्मज्ञान प्राप्तिपश्चात् मोक्षमार्ग खुल्दछ (खतिवडा, २०७२, पृ.११२) ।

उपनिषद् वेदान्तपछि रामायण महाभारत र भागवत् आदि अठार पुराणमा पनि ईश्वरीय अंश कछुवा, वराह, मत्स्य, वामन, राम, कृष्ण आदिका सम्बन्धमा उल्लेख गरेको पाइन्छ । यसरी वेददेखि पुराण आदि ग्रन्थहरूले ब्रह्मका सम्बन्धमा केही नकेही चर्चा गरेका छन् । यो जगत् मिथ्या हो र ब्रह्म भन्ने वस्तु नै सत्य हो । सृष्टि, स्थिति, लयभन्दा माथि रहेको अविनाशी पुरुषलाई सबैले आ–आफ्नै किसिमबाट व्याख्या, विश्लेषण गरेका छन् ।

## तरुण तपसीमा दर्शन

दुई वा चार हरफलाई एकश्लोक मान्ने परम्परा विपरीत देवकोटाले दर्जनौं हरफलाई पनि एक भाव एक श्लोक मानेर लेखिएको उन्नाइस सय अठतिस श्लोकको शाकुन्तल र एकहजार एकसठ्ठी श्लोकको आदर्श राघव पछि आएको तरुण तपसीमा परिगणित पाँचसय एकासी श्लोक मात्र रहेका छन् । श्लोकहरू सङ्ख्यात्मक रूपमा थोरै भएका कारण लेखनाथले यसलाई महाकाव्य नभनी नव्यकाव्य भनेका छन् । नेपाली विषयको स्नातकोत्तर तहमा तरुण तपसीलाई शाकुन्तल सरह महाकाव्य भनी उल्लेख गरिएको छ ।

लेखनाथ पौडेल विवर्तवादसँग परिचित र "तत्त्वमसी"को बोधबाट विश्वव्यापी परमतत्त्व सर्वत्र अवस्थित छ भन्ने कुराप्रति आकर्षित भएका देखिन्छन् । परब्रह्मको अद्वैतता, आनन्दमय चैतन्य र अनीर्वचनीयता आदिको सहज प्रस्तुति उनको मुख्य विशेषता रहेको पाइन्छ (रिसाल, २०४५, पृ.६९) । कान्ता विरहको चोटबाट आहत कवि अज्ञात क्षेत्रको यात्रामा लागेका छन् । कविता सिर्जनाबाट पत्नी वियोगको आलो घाउले सताएका कविमा आध्यात्मिक भावना प्रस्फुरित हुन पुग्दछ । उनी सांसारिक विषय तृष्णाबाट विरक्त बनेर ईश्वरीय चिन्तनतर्फ उन्मुख भई मानसिक शान्ति खोज्दछन् ।

*थियो आलो कान्ताजन–विरहको चोट मनमा*
*फिका ठान्थे सारा विषय तिनी घुम्थे विजनमा ।*
*तपस्याको लिन्थे लहड, तपकै वर्णनतिर ।*
*झुकाए त्यो प्यारो कलम दगुऱ्यो दूर नजर ॥१–४ (पृ.१)*

कवि कुन र कस्तो तपस्याबाट जीवनयात्रा सफल हुन्छ र मोक्षका निम्ति के गर्ने ? भन्ने समाधानको उपायका खोजीमा लागे । उनी तपको विधि र तत्त्व के हो ? साधना कस्तो भए ईश्वर प्राप्त हुन्छ भन्ने चिन्तनतर्फ उन्मुख भएका छन्-

*तपस्वी कस्तो हो ? कठिन तपको तत्त्व कुन हो ?*
*भनी गम्दागम्दै दिनकर त्यसै कुन्नि किन हो ?*
*गए सुस्तै सुस्तै मलिन भइ खस्तै जलधिमा ।*
*पऱ्यो सारा पृथ्वीतल मलिनिमाको परिधिमा ॥ १–५ (पृ.२)*

कविले तपस्या गर्दा शान्ति प्राप्त हुन्छ भन्ने बुझेर आध्यात्मिक जगत्को बाटो समाते । उनी कर्मयोगलाई भन्दा ज्ञानयोगतर्फ उन्मुख भएका छन् । धर्मको मर्म नबुझ्नेहरूका कारण अधर्म भएको देखेर तपस्वी चिन्तित बनेका छन् । जीवन क्षणभङ्गुर भएकाले सुख क्षणिक र नश्वर हुन्छ । मानिस मृत्युपश्चात् स्वर्ग पुगे पनि पुण्यको समाप्तिपछि पुनः जन्मिनु पर्दछ । मुक्ति प्राप्त गर्नुचाहिँ शाश्वत र सदानन्द हो र त्यसको प्राप्ति आध्यात्मिक ज्ञानबाट हुन्छ तसर्थ ज्ञान भन्ने वस्तु नै विशिष्ट चिज हो (उपाध्याय, २०५२, पृ.५१९) ।

कविका मनमा उत्पन्न अनेक द्विविधाजन्य प्रश्नसहित सन्तुष्टिको चाहना प्रकट भएको छ । कुनै पनि वस्तु वा विषयको ज्ञान प्राप्त गर्न गुरुका शरणमा जानुपर्दछ तबमात्र सबै द्विविधाहरू समाप्त हुन्छन् । अज्ञानका सम्पूर्ण कल्मष ज्ञानाग्निद्वारा समाप्त गर्ने उपदेशभन्दा अर्को वस्तु छैन । अज्ञानरूपी सम्पूर्ण संशययुक्त हृद्ग्रन्थि नाश भएपछि मात्र ज्ञान प्राप्त हुन्छ ।

रात्रिले सारा जगत्लाई आफ्नो वशमा पारेको हुनाले राम्रो, नराम्रो, अग्लो, होचो बराबर भई कविका सबै कलम-कापी अदृश्य बने । अन्धकारको त्रासमा परेका कवि शरीर क्लान्त भए पनि तत्काल निद्रा नपरी घरबार र पारिवारिक सुख–सन्तुष्टिबाट अलग हुनुपर्दा चिन्तित बन्न पुगेका छन् –

*म को हुँ त्यो के हो ! कुन चकटमा गद्‌गद थियें ।*
*कसो भो ? के के भो ? किन म सहसा बेगल भयें ?*
*कता लाग्यो त्यत्रो परम सुखको सागर भनी ।*
*घुमे निक्कै तृष्णा–तरल कवि फेरी फनफनी ॥१–२१, (पृ.५)*

दिनभरीको यात्राबाट थकित बनेका कवि सुरुमा निद्रा नपरे पनि रातको तेस्रो प्रहरपछि तन्द्राका बसमा परे । रुखबाट कुनै मानिसभन्दा केही ठुलो पुरुष तपस्वी, योगीका भेषमा प्रकट भए । कविले तिनीसँग आश्रम कहाँ हो ? भनी परिचय मागेपछि तपस्वी आफ्नो पूर्वदेखि तत्कालीन समयसम्मको इतिवृत्त वर्णन गर्दछन् । सानाठुला सबै चराचरका प्राणीहरूको साझा पृथ्वी देवनगरीका रूपमा रहेको छ । प्रकृतिको सुन्दर सिर्जनाले स्वर्गीय आनन्द प्राप्त हुन्छ । अमृत रूपी रसधारा पान गरेर प्राणीहरू सन्तुष्टिको अनुभूति गर्दछन् । साङ्ख्य दर्शनका अनुसार प्रकृति दुई किसिमको हुन्छ– (क) अव्यक्त र (ख) व्यक्त । अव्यक्त चर्मचक्षुद्वारा हेरिने वा इद्रियद्वारा बोध गरिनेभन्दा पर रहेको हुन्छ । साङ्ख्यदर्शनका पच्चीस तत्त्वहरू मध्येको चौबीसौं तत्त्वका रूपमा रहेको प्रकृति आफू स्वच्छ बनेर रहन्छ । यो पच्चिसौं तत्त्वका निकट रहँदा व्यक्त हुन्छ । ऊ पुरुषका साथमा रहेर सबै प्रयोजन पूर्ण गर्न लाग्दछ । देखिने पञ्चतन्मात्रा, पञ्चमहाभूत, मन, बुद्धि, अहङ्कार आदिलाई व्यक्त भनिन्छ । मूल प्रकृति र चेतनचाहिँ अदृश्य र अव्यक्त छन् (भट्टराई, २०७४, पृ.७८) ।

तपस्वीको बाल्यावस्था निकै कठिनतम बनेर रहेको पाइन्छ । यहाँ तरुको बाल्यावस्था पीडामय बन्न पुग्यो । मुना पलाएर बढ्न चाहने कलिलो विरुवालाई गाई, बाख्राले आक्रमण गर्दछन् । तपस्वीबाट पात, मुन्टो टोकिदिने, त्यसैमा सिंगौरी खेल्ने गर्दाको दुःख प्रकट भएको छ । सांसारिक मोहबाट मुक्त नभएसम्म मानिस आधिदैविक, आधिभौतिक, आध्यात्मिकजस्ता तापका जालमा पर्दछ । व्यक्त प्रकृतिभन्दा माथि पुगेपछि मात्र तिनको तापबाट मुक्त भइन्छ (पृ.१) ।

*तपस्याको छाया भुवनभर पारेर सबमा ।*
*बढुँ सुस्तै, सुस्तै पर पर चढुँ नील नभमा...। ५–३,*
*कहाँ मेरो त्यस्तो तप–नियमको सिद्ध–सपना ।*
*कहाँ छोटा पेटू अधम पशुको त्यो पशुपना ।*
*शिंगौरी खेल्दै ती निहुँ–पिहुँ झिकी लाखन थरी ।*
*निशाना मैलाई गरि खनिन आये वरि–परी ॥ ६–३*
*यताको यो बाधा, तल पयरमा कीट कठिन ।*
*तिखा दाह्रा धस्थे हर किसिमले जीवन लिन ।*
*झुकी त्यो मौकामा जिनतिन कडा आत्मबलको ।*
*सहाराले सारा मरि मरि सहें घात खलको ॥८–३ (पृ.१६)*

प्राणीहरूले आक्रमण गरेर पीडायुक्त बनेका शरीरको उपचार प्रकृतिबाट भइरह्यो । यस्तो पीडा भोगेर पनि परहितका निम्ति लाग्नुपर्ने यो कुनै महामन्त्र जपको परीक्षा पो हो कि ? भन्ने तपस्वीलाई लागेको छ । विस्तारै चोट भरिदै र उमेर पुग्दै गएर चौबाटामा कसिएको आसन अटल बन्दै आयो । प्राणको धागामा अडिएको शरीररूपी चङ्गा सांसारिक तृष्णामा रमाउन पुग्दछ । आकाशमा उड्ने चङ्गा चुडिएर धागाबाट वियोग भएझैं जीवन धराधामबाट अलग हुन पुग्दछ । तपस्वीलाई चङ्गा उडेर समाप्त भएझैं जीवन अन्धकारमा विलीन भएको आभास हुन्छ । हेमन्तको आगमनसँगै प्रकृतिको कठोर प्रहारबाट अजश्र अश्रुधारा प्रवाहित हुने गरेका छन् । तपस्यारत अवस्था कहिले उज्यालो त कहिले अँध्यारो, चिसो, तातो भोग्दै परहितका लागि तरु समर्पित भएको छ । प्राणीको रक्षाका निमित्त दीर्घ तपमा रहेका तपस्वीलाई स्नेहासिक्त दृष्टि कतैबाट पर्दैन । जटाझैं पलाएका हाँगाबीचमा पक्षीहरू आफ्नो वासस्थान बनाएर रमाउन पुग्दछन् ।

योगशास्त्रका अनुसार मूर्त वा अमूर्त, दृश्य या अदृश्य वस्तु प्राप्तिका लागि गरिने एकाग्र चिन्तनलाई ध्यान भनिन्छ । ध्येयवस्तु सम्बन्धी वैयक्तिक चित्तवृत्ति निरन्तर रूपमा एकाकार हुनु ध्यान हो । व्यक्ति भौतिक, आध्यात्म प्राप्तिका लागि एकाग्र भएर गरिएको चिन्तनबाट मानसिक शान्ति प्राप्त गर्दछ (खतिवडा, २०७२, पृ.११३ । वस्तु भोगकानिम्ति गरिएको चिन्तनभन्दा अध्यात्म ज्ञान प्राप्तिका निम्ति गरिने ध्यानबाट इहलोकमा सुख, शान्ति र परलोकमा मोक्ष प्राप्ति हुन्छ । यहाँ तपस्वी यसो भन्दछन्–

*लिई श्रद्धा एकै परहित–महामन्त्र–जपको ।*
*बनी खम्बा जस्तो कठिनतम त्यो दीर्घ तपको ।*
*गरें जस्तो मैले जुन जति कुराको अनुभव ।*
*म त्यो जम्बाजम्बी कहन कसरी शक्तछु अब ? ॥१४–४ (पृ.२५)*

प्रत्येक प्राणीमा जीवनप्रतिको आशक्तिसँगै मृत्युको भयले सदैव त्रसित तुल्याउने गर्दछ । जुन मानिस जन्ममरणको स्मरण गरिरहन्छ उसलाई विभिन्न किसिमका क्लेशले सताउने गर्दछन् । व्यक्तिमा निहित क्लेशहरूमा अविद्या, अस्मिता, राग, द्वेष आदि रहेका छन् । अनित्य, अशुचि, दुःख, नित्य, शुचि, सुख र आत्मबुद्धि रहनु अविद्या हो । यसको अन्त्य 'चित्तवृत्ति निरोध'बाट मात्र सम्भव हुन्छ । अशुद्ध चित्तवृत्तिका निम्ति ध्यानमा केन्द्रित हुनुपर्छ (शर्मा सन्२०१३, पृ.१६१) ।

*यता माथी नीलो गगन, तल विस्तीर्ण धरणी ।*
*उता शैलश्रेणी उभयतिर त्यो दीर्घसरणी ।*
*त्यता ठाडै बग्दी मधुर जलले पूर्ण तटिनी ।*
*तपस्याका साक्षी सबतिर खडा छन् अझ पनी ॥ १५-४, (पृ.२६)*

आकाश, पृथ्वी चारैतिरका शैलश्रेणी, नदीहरू साक्षी बनेर बसेका छन्। तिनीहरूबाट तपस्वीमा मनोकाङ्क्षा परिपूर्ण हुने आशा रहेको देखिन्छ। वरपर रमाइरहेको चरो सिकारीको प्रहारबाट मृत्युवरण गर्न पुग्दछ। तपस्वीबाट संवेदना व्यक्त गर्दै व्याधाको मानवपन माथि प्रश्न गरिएको छ। कोमल, सरल प्राणीप्रति आक्रमण गर्ने व्याधाको मानवीय प्रवृत्ति अन्त्य हुन पुग्दछ। मानव बुद्धि विवेकयुक्त भएर पनि तृष्णा, स्वार्थका वशमा परेर निर्दयी प्रवृत्तिप्रति दया गर्दै प्रकृतिको भलाई सोच्दै निर्धो पशु मार्नुमा कुन पुरुषार्थ रहन्छ ? भनी प्रश्न गरिएको छ।

प्रातःकालीन शङ्खनाद गर्दै उषाले सूर्य आगमनलाई सहज बनाइ रहेकी हुन्छिन्। धर्तीको एकान्तमा पक्षीहरूको कलरव गुञ्जनलाई आह्वान गरिन्छ। मानिसहरू नदीमा मन्त्रोच्चारण गर्दै स्नान, ध्यान गरिरहेका छन्। यो सबै अवलोकन गरिरहेका तपस्वीलाई यस्तो अवसर सधैं प्राप्त नहुने कुराले चिन्ता उत्पन्न हुन्छ। प्राणी लगायत जगत्कै संरक्षक ईश्वर अदृश्य रहेर पनि आफ्नो कर्म गरिरहेको हुन्छ। तपस्वी दुःखी, अन्यायमा परेका दयनीय अवस्थाका प्राणीहरू देख्दा चिन्तामा पर्दछन्। प्रकृतिमा आउने परिवर्तनबाट लता, वृक्षमा सुस्वादु फल लाग्द छ। ईश्वरले प्राणीरक्षाका लागि फल आदि भोज्य पदार्थ सिर्जना गरिदिएका हुँदा प्राणी सन्तुष्ट बनेका छन्। तपस्वीमा जस्तो उदारता मानव र मौरीमा भेटिंदैन। पछिलाई भनी धनसम्पत्ति सुरक्षा गर्दागर्दै मह अर्केले भोग गरेपछि मौरी पुनः सञ्चयमा लाग्दछ। मानवको पनि उस्तै स्वभाव भएको हुँदा लुब्ध, कृपणीहरूको सञ्चित वैभव अर्केका साथमा पुग्दछ। सम्पत्तिको समयमै सदुपयोग भएमात्र भौतिक र आध्यात्मिक लाभ हुन्छ भन्ने सन्देश यहाँ प्रस्तुत छ–

*कठै ! रित्तो पारीकन सब सदावर्त–भवन ।*
*हरी सारा साझा पथिक जनको जीवन धन ।*
*लगी त्यस्तो चालासित घर भरी सञ्चय गरी ।*
*कुहाई थन्क्याई कसरी शुभ होला हरि ! हरि ! ! २१–१०*
*सबै खाये पक्का पिर अपचको पर्दछ कडा ।*
*नखाये अर्केले हरण अथवा गर्छ झगडा ।*
*कठै बाधै–बाधा उभयतिर देखिन्छ तपनि ।*
*भुलेकै छन् अन्धा मनुजहरू मौरीमय बनी ॥ २२–१०*
*वृथा खाना भन्दा बढी बढी सदा सञ्चय गरी ।*
*धनी बन्छौं भन्दै कृपण विधिमा लम्पटपरी ।*
*कठै ! अन्धा लोभी मनुज फिर मौरी दुइ थरी ।*
*अशान्ति ज्वालामा मुफत किन जल्छन् ? हरि ! हरि ! २३–१० (पृ.६५)*

अर्काको सम्पत्ति हरणबाट भण्डार पूर्ण भए पनि सञ्चय कर्तालाई कहिल्यै शान्ति प्राप्त हुँदैन । संरक्षित वस्तुको दास बनेरै जीवनलीला अन्त्य हुन्छ । सङ्कलित वस्तु अर्कैले हरण गर्ने त्रासका कारण मानिस र मौरीलाई कहिल्यै शान्ति हुदैन । सङ्ग्रह गरी भोगगर्दा पनि अन्त्यमा चरा, मुसा सबैको मृत्यु हुने कुरा यहाँ उल्लेख गरिएको छ –

*विधाताले लाखौं अमृतमय दैवी गुण सब ।*

*भरेका छन् जस्को मगज–बिच त्यै मानव अब ।*

*फसी तृष्णारूपी विकट सुरसाको वदनमा ।*

*गयो देख्दा देख्दै अतिशय नराम्रो पतनमा ॥२९–१० (पृ.६६)*

स्वार्थका पछि लाग्दा मानिस चोरी, ठगी, झेल, गाली, कुटाकुट, झगडा, घृणा, ईर्ष्याजस्ता दुर्गुणको सिकार बन्दछ । निस्वार्थ भएर रहनु तपस्वीहरूको धर्म हो भन्ने बुझेर कठिनतम पीडा भोगेको छ । सम्पत्तिले मानवीय शान्ति, सन्तुष्टि हरण गरी जगत्लाई नै अन्धकारमा पुऱ्याउने गर्दछ ।

*न टोक्ता टोकिन्छन् न त छ रस वा स्वाद तिनमा ।*

*न ता दिन्छन् प्रज्ञा–बल न त कुनै शान्ति मनमा ।*

*न जाडो हर्छन् ती, न त उदर भर्छन् अलिकती ।*

*कठै ! त्यस्तो श्रद्धासित किन बटुल्छन् विनसिती ॥ १४–११ (पृ.७०)*

मानिस पैसाका पछि लागेर आफ्नो भौतिक अस्तित्व नै क्षीण तुल्याउँदै छ । स्वार्थले चमत्कारी 'प्रज्ञा' त्यागेर जडवादी वस्तुलाई सम्मान गर्दा क्षमा, मैत्री, करुणा, शान्तिरहित विषम परिस्थिति भोग्नु परेको छ । सम्पत्तिको विषाक्त मात लागेर दिग्भ्रमितजस्तो भई पृथ्वीलाई नरकमय तुल्याइ रहेको छ । मानिस सांसारिक मोहमा परेर छटपटाउँदै बाँच्नुभन्दा कलुषित पर्दा हटाएर मनोजगत् समुज्ज्वल बनाउन सकोस् भन्ने चाहना व्यक्त भएकोछ ।

*अँध्यारैमा जन्म्यो जुनिभर अँध्यारो मुख गरी ।*

*अँध्यारैमा हुर्क्यो, पछि पनि अँध्यारो पथ धरी ।*

*परी अन्धो बैह्रो अबुझ दुनियाँ अन्ध विधिमा ।*

*डुबेको देख्दैछू जुग जुग अँध्यारो जलधिमा ॥ २३–१२,*

*उही नीलो कालो जलधि–बिच पस्तोछ त्यसरी ।*

*तमाशा यो कस्तो ? अझ नभरिने त्यो हरि ! हरि ! ! २४–१२ (पृ.८०)*

बाह्य संसारलाई नै सार तत्त्व ठान्दै प्रकृतिको सुन्दर सिर्जना दुःखको सागरमै सिद्धिएको देख्दा तपस्वीलाई चिन्ता लाग्दछ । यो सांसारिक चक्र घुम्दै जाँदा विभिन्न स्वरूपका मानिसहरूको उदयास्त भयो । कैयौँले तृष्णाका सागरमा डुवेर बाहिरबाट सुन्दर देखिने सम्पत्तिको अँध्यारो जालमा छटपटाउँदै जीवनको भार विसाए । यै चालासित सञ्चालित संसारको गति तपस्वीका आँखामा झल्किरहन्छ । अन्धकारमा परेर मानिस स्वार्थको बन्धनबाट कहिल्यै मुक्त हुन सक्दैन ।

अज्ञानका कारण मानिस भ्रमले गर्दा चौताराको ठुलो रुख देखेर आ–आफ्नै चाहना अनुसारको वस्तु प्राप्त हुने आशामा पूजा गर्दछन् । फेदमा कसैले सिन्दुर, पुष्प, कसैले आरती, कसैले नैवेद्य भेटी दिए, कसैले पशु वली चढाएर आफ्नो यस्तो भाकल पूर्ण होस् भन्ने कामना गरे । सिमे, भूमे, देवी आदि आफ्नो विचार अनुसारको नाम दिएर पूजा गर्नु भ्रममात्र हो । महाकवि देवकोटाले यात्री कवितामा भनेझैं "ईश्वर बस्तछ गहिराइमा, सतह बहन्छौ कति दूर ?" रुखका बोक्राको पूजाबाट ईश्वर प्राप्त गर्न सकिदैन भन्ने विचार तपस्वीमा रहेको छ। यस्तो अन्धविश्वासी परम्पराका कारण जीवघात गर्दा ईश्वर सन्तुष्ट भएर वरदान दिने र आ–आफ्ना घरपरिवार सुखी हुने, सन्तान विस्तार हुने विश्वासमा संसार अल्झिएको छ। जीवन सार्थक तुल्याउन सत्यको अनुसरण गर्नैपर्ने कुरा यसरी व्यक्त भएको छ –

*"धरित्रीमा सत्य" श्रम र पसिनाको भर परी ।*
*तपस्या जो गर्छन् सरल मनले जीवन भरी ।*
*तिनैको त्यै सत्य, श्रम र पसिना–रूप तपको ।*
*चिरस्थायी यै हो परिणति उज्यालो गजबको ॥ ३५-१५ (पृ.१०२)*

सूर्य, चन्द्र नित्य सबै प्राणीलाई समान खालको व्यवहार गर्दछन् तापनि प्राणीभित्रको अज्ञानरूपी अन्धकार समाप्त गर्दैनन्। यस्तै कुरामा परेका तपस्वीका अन्तर्मनमा गुरुकृपाद्वारा ज्ञानदीप प्रज्ज्वलित भएर तत्त्वबोध हुन्छ भन्ने धारणा रहेको छ। कर्मको गतिअनुसार सांसारिक जगत्का सुखदुःख प्राप्त हुन्छन्। अज्ञानको समाप्तिबाट काम, क्रोध, लोभ, मोहजस्ता बन्धन नाश हुन पुग्दछन् । प्राणीहरू सांसारिक मोहबाट मुक्त हुने आकाङ्क्षा राखेर ध्यान, तपस्यामा लागेका हुन्छन् । लीलामय जगत्बाट मुक्तिका लागि निरन्तरको प्रयाश भएमा ईश्वरीय तत्त्वबोध हुन्छ, त्यसकारण निश्वार्थ भावको व्यवहार गर्नुपर्छ भन्ने कविले सन्देश दिएका छन् ।

## निष्कर्ष

*तरुण तपसी* काव्यमा पत्नी वियोकको पीडाबाट आहत कवि यत्रतत्रको भ्रमणमा लाग्दछन् । विरहको चोटबाट छटपटाउँदै यात्रामा लागेका उनी रात आउँदै गएपछि एकान्त जङ्गलबिच नदी किनारमा अवस्थित रुखका फेदको चौतारीलाई विश्रामस्थल बनाउँछन्। सन्ध्याले आफ्नो रूप विस्तार नगरेसम्म कविता लेखनमा लागेका कवि जगत् अन्धकारवेष्टित हुँदै आएपछि विश्राम गर्दछन्। रातको समय अघि बढ्दै गए पनि चिसो भुइँमा रातको दोस्रो प्रहरसम्म निद्रा पर्दैन, तेस्रो प्रहर सुरु भएसँगै आँखा बन्द भएर तन्द्रामा पर्दा रुखबाट मानवाकृति प्रकट भएपछि काव्यको कथावस्तु अघि बढ्दछ । तपस्वीले कविलाई सामु देखेर आफ्नो जीवनवृत्तान्त वर्णन गर्न लागेसँगै आरम्भ भएको कथावस्तु बिहानीको आगमन हुनासाथ कविको तन्द्रा खुलेपछि समाप्त भएको छ। सांसारिक मायामोहमा परेर नै मानिस अन्याय अत्याचारमा लाग्दछ। उसलाई इहलोकको भोगेच्छाले सताइरहेको हुन्छ । पृथ्वी प्राणीहरूको साझा घर भएको हुँदा स्वतन्त्र रूपमा बाँच्ने अधिकार सबै प्राणीको समान हुन्छ। तरुण तपसीमा स्वार्थी, अज्ञानी, गोठाला, यात्री, सिकारी, मौरी आदिको

व्यवहार प्रस्तुत भएको पाइन्छ । भौतिक जगत्प्रतिको मोहका कारण मानव जीवन दुःखी बनेको छ । भोगमा आशक्त भएर लाग्नु भनेको जीवनलाई बन्धनमा पार्नु हो तर समाजमा अर्कालाई ठगेर आफू धनीबन्ने चाहनाले अत्याचार बढेको छ । वस्तु सङ्ग्रह गरी धनी हुँदा सुखी भइन्छ भन्ने मानिस र मौरी सधैं दुःखमा परिरहेका हुन्छन् । आफूले सङ्ग्रह गरेको वस्तु अर्कैले हरण गर्दछ । यो सांसारिक मोहले सुख, सन्तुष्टिभन्दा अधिक दुःख, पीडा हुन्छ । प्रस्तुत काव्यले दर्शनका माध्यमबाट भौतिक वस्तुभन्दा पर अदृश्य रूपमा रहेको ईश्वरीय चिन्तनबाट मात्र मानसिक सन्तुष्टि प्राप्त हुन्छ भन्ने आध्यात्मिक, नैतिक सन्देश दिइएको छ ।

## सन्दर्भ सामग्रीहरू


अर्याल, दुर्गाप्रसाद. (२०५७). *निबन्धकार देवकोटाको दार्शनिक चिन्तन.* काठमाडौंः उदय बुक्स ।

उपाध्याय, केशवप्रसाद.(२०५२). तरुण तपसीका लेखनाथको दर्शन विचार. *काव्य समालोचना.* सम्पा. नरेन्द्र चापागाईं र दधिराज सुवेदी. विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान. पृ.५०२-५२३ ।

गीताप्रेस. (सं.२०६८). *ईशादि नौ उपनिषद्.* (व्या.) हरिकृष्णदास गोयन्का. पुनर्मु. गोरखपुरः गीताप्रेस ।

ज्ञवाली, ज्ञाननिष्ठ. (२०७३). एउटा सल्लाह कवितामा पौरस्त्य दर्शनको प्रभाव. *गरिमा.* व.३६. अं.४. पू.३८९. पृ.७९– ८४ ।

खतिवडा, भवानीप्रसाद. (२०७२). अविद्यास्तमयो मोक्षः *धनुषकोटी.* व.१. अं.१. पृ.१०८-११८ ।

गिरि, रामानन्द. (२०५५). *जनक दर्शन.* अनु. रामहरि तिमल्सिना. भक्तपुरः जनकशिक्षा सामग्री केन्द्र ।

पोखरेल, बालकृष्ण. (२०४०). *नेपाली बृहत् शब्दकोश.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

पौडेल, लेखनाथ. (२०४०). *तरुण तपसी.* (पुनर्मु.). काठमाडौंः साझा प्रकाशन ।

प्रभात, विष्णु. (२०७०). *प्रज्ञा दर्शन कोश.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

भट्टराई, शिवप्रसाद. (२०७४). *साङ्ख्य कारिका.* (व्या.). झापाः खड्गमाया भट्टराई ।

राधाकृष्णन्. (सन्२००८). *भारतीय दर्शन.* दिल्लीः राजपाल एन्ड सन्स ।

रिसाल, राममणि. (२०४५). *नेपाली काव्य र कवि.* (पुनर्मु.). काठमाडौंः साझा प्रकाशन ।

लुईंटेल, रोहिणीविलास. (२०७४). वैदिक सनातन धर्म र दर्शनहरू. *जगत् उद्बोधन.* (स्मारिका) पृ.५०-५७ ।

शर्मा, चन्द्रधर.(सन्२०१३). *भारतीय दर्शन.* मुनर्मु. दिल्लीः मोतीलाल वनारसी दास ।

सक्सेना, द्वारिकाप्रसाद. (सन्१९६१). *साकेत मे काव्य. संस्कृति और दर्शन.* आगराः विनोदपुस्तक मन्दिर ।

सिग्देल, आनन्दप्रसाद. (२०७२). धनुष्कोटिधाम. *धनुषकोटि.* स्मारिका व.१, अ.१. पृ.१-८ ।


◆